STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १९ गते शनिबार ❑ 2 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## भारत भ्रमणमा रहनुभएका प्रधानमन्त्री भेटवार्तामा

**रासस**
**काठमाडौं, १८ चैत**

भारतको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा शुक्रबार अपराह्न यहाँ आइपुगेसँगै उच्चस्तरीय भेटवार्तामा व्यस्त हुनुभएको छ।

प्रधानमन्त्री देउवाले भारतीय जनता पार्टीका अध्यक्ष जेपी नड्डासँग अपराह्न भेटवार्ता गर्नुभएको छ । त्यस अवसरमा उहाँहरूबीच नेपाल-भारत सम्बन्धका साथै द्विपक्षीय हित र साझा चासोका विविध विषयमा विचारविमर्श भएको थियो। साथै उहाँहरूले पारस्परिक सम्बन्धलाई अझ प्रगाढ तुल्याउनेबारेमा पनि छलफल गर्नुभएको थियो। नेपाली काङ्ग्रेस र भारतीय जनता पार्टीबीचको सम्बन्धबारे पनि उहाँहरूबीच विचारविमर्श भएको छलफलमा सहभागी परराष्ट्रमन्त्री डा नारायण खड्काले राससलाई जानकारी दिनुभयो।




प्रधानमन्त्रीका साथ प्रथम महिला डा आरजु राणा देउवा, परराष्ट्रमन्त्री खड्का, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल, स्वाथ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडा, कृषि तथा पशुपन्छी विकासमन्त्री महेन्द्र राय यादव हुनुहुन्थ्यो। शुक्रबार साँझ प्रधानमन्त्री देउवासँग भारतका बाह्यमामिलामन्त्री सुब्रमन्यम जयशङ्करले शिष्टाचार भेट गर्नुभयो । त्यस अवसरमा नेपाल-भारत सम्बन्धका विविध पक्षमा कुराकानी भएको थियो । भारतीय विदेशमन्त्रीले प्रधानमन्त्री देउवासँग भेट गर्न पाउँदा आफूलाई खुशी लागेको बताउँदै उहाँको यो भ्रमणले भारत र नेपालबीचको निकट छिमेकको सम्बन्धलाई अझ सुदृढ तुल्याउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री देउवा भारतका लागि नेपालका राजदूत शङ्करप्रसाद शर्माले यहाँस्थित नेपाली दूतावासमा आयोजना गर्नुभएको स्वागत समारोहमा सहभागी हुनुभएको छ। भोलि चैत १९ गते भारतका प्रधानमन्त्रीको कार्यालय हैदरावाद हाउसमा प्रधानमन्त्री देउवाले आफ्ना समकक्षी नरेन्द्र दामोदरदास मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुंहुने छ भने प्रधानमन्त्री मोदीले आफ्ना नेपाली समकक्षीको सम्मानमा दिवाभोजको आयोजना गर्नुहुनेछ।

वार्तापछि ३५ किलोमिटर लामो जयनगर-कुर्था रेलसेवा तथा भारत सरकारको सहयोगमा निर्मित सोलु करिडोर प्रसारण लाइनको शुभारम्भ, नेपालमा निर्माणाधीन १३२ वटा स्वस्थ्य सेवा केन्द्रको प्रगतिबारे दुवै प्रधानमन्त्रीले श्रव्यदृश्यका माध्यमबाट जानकारी लिनुहुने कार्यक्रम छ।

## नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको पदस्थापन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ चैत**

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको पदस्थापन कार्यक्रम पोखरामा शुक्रबार सम्पन्न भएको छ । यही चैत ५ गते भएको मञ्चको तेश्रो साधारण सभा तथा दोश्रो अधिवेशनबाट निर्वाचन भएको पदाधिकारीले शुक्रबार पदस्थापन गरेका हुन्।



कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका कानून संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले मञ्चको नवनिर्वाचित टोलीलाई पदस्थापन गराउदै खेलकुदलाई पर्यटनसंग जोडेर अघि बढाउन सके आर्थिक समृद्धि हासिल गर्न सकिने बताए । गण्डकी प्रदेशले खेलकुदलाई पर्यटनसँग जोडेर अगाडी बढाउन सकेको खण्डमा आर्थिक हिसावले धेरै कृयाकलाप गर्न सकिने उनको भनाई थियो । कोभिड- १९ को कारण प्रदेशका उद्योग व्यवसाय लगायतका सबै क्षेत्रमा आक्रान्त बनाइरहेको अवस्थामा खेलकुदको माध्यमबाट यो ठाउँको विकास गर्न र आर्थिक क्रियाकलापलाई चलायमान गराउनका लागि महत्वपूर्ण भूमिका पुग्ने मन्त्री थापाले बताए । गण्डकी प्रदेशमा खेलकुदका पूर्वाधारहरु थपिनेक्रम जारी रहेको हुँदा खेलकुदको सम्भवना बढी रहेको बताउँदै मन्त्री थापाले प्रदेश सरकारले स्थापना गरेको गण्डकी विश्वविद्यालयले खेलसम्बन्धी पढनपठान शुरु गरिसकेकाले पनि खेलकुदको सम्भावना बढेर गएको उनको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा 'राजद्रोही राजनेता'

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ चैत**

चिप्लेढुङ्गास्थित पोखरा ट्रेडमलको सिनेप्लेक्सको हल खचाखच भरिएको थियो। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलसहित सरकारकामन्त्री, नेपाली कांग्रेसका नेता तथा कार्यकर्तासहित अन्य दलका नेता तथा कार्यकर्ता, साहित्यकार, पत्रकार शुक्रबार सबै हलमा पुग्नुभएको थियो।

मुख्यमन्त्रीदेखि सर्वसाधारण, विभिन्न दलका नेता तथा कार्यकर्तालाई एकै ठाउँमा जुटाउने माध्यम बनेको थियो 'राजद्रोही राजनेता' वृत्तचित्र । प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाको जीवनीमा घटनामा आधारित 'राजद्रोही राजनेता' वृत्तचित्र सुशील कोइराला मेमोरियल फाउन्डेसन र अन्वेषण न्यूज डट कमका सहकार्यमा निर्माण गरिएको हो।

बिपी कोइरालाको राजनीतिक जीवनको विसं २०३१ देखि २०३६ सम्मका घटनालाई समेटिएको वृत्तचित्र करिब ६ वर्ष लगाएर तयार गरिएको अन्वेषण न्युज डट कमका प्रधानसम्पादक जगत नेपालले जानकारी दिनुभयो । वृत्तचित्रमा राखिएका बिपी, गणेशमानलगायत नेतामाथिको राजद्रोहको मुद्दाको फैसला गर्ने न्यायाधीश जनकमान श्रेष्ठ, पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट, बिपीको चिकित्सकका रुपमा काम गर्नुभएका डा मृगेन्द्रराज पाण्डे, पूर्वअञ्चलाधीश सूर्यप्रसाद श्रेष्ठ, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलगायतको सस्वर भनाइहरूले तत्कालीन घटना क्रमलाई जीवन्त रुपमा प्रस्तुत गरिएको देखिन्छ।

विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर नेपाल फर्कंदा साथमै रहेका नेताहरू खुमबहादुर र कांग्रेसका पूर्वकोषाध्यक्ष रामबाबु प्रसाईंलगायतको भनाइ पनि वृत्तचित्रमा समेटिएको छ । हाल उहाँहरुको निधन भइसके पनि यसअघि नै भनाइ लिइएको थियो । बिपीलगायत नेताहरू राष्ट्रिय मेलमिलापको नीतिका साथ स्वदेश फर्कन लाग्दा उहाँलाई नेपालको राष्ट्रपतिको पद 'अफर' गरिएकामा देश बचाउन पद कसरी छोडेको भन्ने पनि देखाइएको छ । वृत्तचित्रले नेपालको राजनीतिमा हुने गरेका बाहिरी प्रभावलाई जीवन्त चित्रण गरेको नेकपा (एमाले) का गण्डकी प्रदेश कमिटिका उपसचिव रश्मी आचार्यले बताउनुभयो । वृत्तचित्रमा तत्कालीन समयमा भारतबाट बिपीले पाएको सास्तीका साथै नेपालका शासकलाई विभाजित गर्न खेलिएका खेललाई प्रस्तुत गरिएको उहाँले जानकारी दिनुभयो । नेपाली कांग्रेसको संस्थापक बिपी आफूमाथिका आठवटा राजद्रोहसम्बन्धी मुद्दाकोसमेत प्रवाह नगरी २०३३ साल पुस १६ गते किन स्वदेश फर्कनुभएको र कसरी जनमत सङ्ग्रहको घोषणा भयो भन्ने विषयलाई वृत्तचित्रमा सूक्ष्मरुपमा प्रस्तुत गरिएको छ । वृत्तचित्रमा नेपाल प्रवेश गर्नासाथ राजद्रोहको मुद्दाका कारण मृत्युदण्डसमेत हुनसक्ने र भारत प्रवासमा बसिरहँदा राष्ट्रियता सङ्कटमा पर्ने दोहोरो त्रासकाबीच बिपीले गरेको ऐतिहासिक राष्ट्रिय एकता तथा मेलमिलाप नीतिको विषयलाई प्रस्तुत गरिएको छ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फिर्के खोला अतिक्रमण रोक्न अख्तियारमा उजुरी

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ चैत**

वातावरण संरक्षणका लागि महाअभियान कास्कीले फिर्केखोला अतिक्रमण रोक्न पोखरास्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालयमा उजुरी दिएको छ।

पोखरा महानगरपालिका-१८ अँधेरीकुनादेखि सुरु भई वडा नं २, ४, ५, ८, ७, ६ हुँदै वडा नं १७ फेवातालमा समाहित हुने फिर्के खोलामा चरम अतिक्रमण गरी संरचना निर्माण भइरहेको र पटक-पटक जानकारी गराउँदासमेत यस विषयमा पोखरा महानगरपालिकाले गम्भीरतापूर्वक नलिएको व्योहोरा उल्लेख गरी आयोगमा उजुरी दिएको अभियानका संयोजक रामबहादुर पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले यस विषयमा सम्बन्धित निकायलाई धेरैचोटी ध्यानाकार्षण गरायौं तर सुनुवाइ भएन, त्यसैले अहिले अख्तियार कार्यालयको तर्फबाट तत्कालै रोक्का गरी आवश्यक छानबिन गरिपाउँ भनि उजुरी दिएका छौं।" उहाँले मुहानबाट फेवातालसम्म व्यापक अतिक्रमण हुँदै गएको र कथित नयाँ प्रमाण देखाएर अद्यावधिक गरेको भन्दै लालपूर्जा देखाएको 'राइट अफ वे' पनि देखाउन नसकेका कारण यो रोक्न अख्तियार पुगेको बताउनुभयो। प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गरेर अघि बढ्नुपर्ने निकाय नै यस विषयमा गम्भीर हुन नसक्दा अतिक्रमण बढ्दै प्राकृतिक सम्पदा नासिँदै गएको उहाँको भनाइ छ। पौडेलले सोही व्योहोराको निवेदन कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आर्चायलाई पनि बुझाएर ध्यानाकर्षण गराएको जानकारी दिनुभयो।

उहाँका अनुसार जिल्ला प्रशासन कार्यालय कास्कीले तत्काल अतिक्रमण रोक्नका लागि पोखरा महानगरपालिकालाई तथा यस कार्यमा आवश्यक समन्वय गर्नका लागि जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरिसकेको छ।

## गण्डकी प्रदेशमा तालमेल गर्ने निर्णय

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ चैत**

आगामी स्थानिय तहको निर्वाचनमा सत्तारुढ दलहरुविच तालमेल गर्ने सहमती भएसंगै गण्डकी प्रदेशमा पनि यसको तयारी गरिएको छ।

शुक्रबार नेपाली कांग्रेस गण्डकीको कार्यालयम भएको ५ दलका प्रदेश तथा जिल्ला तहका नेताहरुको बैठकले आसन्न स्थानिय तह निर्वाचनमा मिलेर जाने निर्णय गरेको नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापती शुक्रराज शर्माका जानकरी दिए । नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापती शुक्रराज शर्माको अध्यक्षतामा सम्पन्न भएको प्रदेश र जिल्लास्तरका नेताहरुको बैठकले यस्तो निर्णय गरेको हो। बैठकले स्थानिय निर्वाचनका लागि प्रदेशस्तरमा तालमेल गर्दै ५ दलको संयुक्त घोषणापत्र जारी गर्दै गठबन्धनका दलहरुविच सोहार्दपूर्ण वातावरण तयार गरि कार्ययोजना र कार्यदिशा दिने निर्णय गरेको छ। यस्तै गठबन्धनका गण्डकी प्रदेश भित्र दलहरुले आगामी आ-आफ्नो संगठनको वर्तमान सांगठनिक अवस्थाको यथार्थ विवरण मातहतका संगठनबाट संकलन गरि विस्तृत विवरण आगामी बैठकमा पेश गर्ने निर्णय भएको कांग्रेस गण्डकी प्रदेशका प्रचार विभाग प्रमुख रमेश पौडेलले जानकारी दिए। गठबन्धनको आगामी बैठक आगामी चैत २२ गते पुन अर्को बैठक बस्ने जनाइएको छ।

## कागबेनीमा पिण्डदान गर्नेको भीड

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १८ चैत**

कालीगण्डकीको तटमा अवस्थित प्रशिद्ध तीर्थस्थल मुस्ताङको कागबेनीमा शुक्रबार दिवंगत आफन्तहरूको स्मरणमा पिण्डदान र तर्पण गर्ने तीर्थालुहरूको भीड लागेको छ।

शुक्रबार औंसी तीथिमा कागबेनीमा श्रद्धा र तर्पण गरे पितृहरूले मोक्ष पाउँछन् भन्ने विश्वास रहेकाले देशका विभिन्न ठाउँहरूबाट कागबेनीमा आइ करिब चार हजार भक्तजनले पिण्डदान गरेका कागबेनीबाट कृष्ण शर्मा सापकोटाले जानकारी दिनुभयो । औंसीको दिन कागबेनीमा श्रद्धा गर्न बिहीबार नै कागबेनीमा आएका भक्तजनहरूले कागबेनीका होटल र व्यक्तिगत घरहरूसमेत खचाखच भरिएका नवलपुरको गौंडाकोटबाट कागबेनी आउनुभएका मुकुन्द रेग्मीले बताउनुभयो। उहाँका अनुसार कागबेनीका होटलमा बास नपाएपछि कैयौं तीर्थयात्रीहरू मुक्तिनाथ उक्लिएका थिए। कागबेनी तीर्थालुले भरिएपछि कागबेनीबाट १२ किलोमिटरको यात्रा गरेर कोही मुक्तिनाथ पुगेका थिए भने कोही जोमसोमतर्फ झरेका रेग्मीले बताउनुभयो।

कागबेनीका होटल व्यवसायी छेप्तेन गुरुङका अनुसार कागबेनीमा यस वर्षकै सबैभन्दा बढी तीर्थालुहरू आएका छन् । 'करिब चार हजारको हाराहारीमा तीर्थयात्रीहरू आएका छन्, गुरुङले भन्नुभयो, 'यहाँ विगत दुई वर्षयताकै सबैभन्दा बढी भक्तजनहरू आज आएका हुन्।'

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कॉंग्रेस गण्डकी प्रदेशबाट खटिएका प्रतिनिधीले प्रतिवेदन बुझाउन शुरु

मिना भुजेल
पोखरा, १८ चैत



घरघर जाऔं कांग्रेस जिताऔं' अभियानलाई सफल बनाउन नेपाली काँग्रेस गण्डकी प्रदेशले प्रदेश सभा निर्वाचन क्षेत्रमा निवार्चन केन्द्रित कार्यक्रम तय गरी खटाईएका प्रतिनिधिहरु ले प्रतिवेदन बुझाउन थालेका छन ।

गण्डकी प्रदेशका ११ जिल्ला अर्न्तगतका ३६ प्रदेश सभा निर्वाचन क्षेत्रमा निवार्चन केन्द्रित कार्यक्रम तय गरी ७२ जना प्रदेश सदस्यहरुलाई निर्वाचन क्षेत्रमा खटाईएको थियो ।खटिएका सवै प्रतिनिधि हरुले सम्वधित प्रदेश सभामा गएर कार्यकर्ता र जनतालाई प्रदेको सन्देश दिएका थिए । स्याङजा २ खमा प्रतिनिध भएर जानु भएका सकुन्तला शर्माले घरघर जाऔं कांग्रेस जिताऔं' अभियानले गाँउमा पाटीको उत्साह थपिएको बताईन ।

प्रतिवेदन बुझ्दै गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले उमेदवार छनोट गर्नका लागि प्रतिबेदन सहयोगी हुने वताए । केन्द्रले स्थानीय तहबाट वडा सदस्य, वडाध्यक्ष, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष र मेयर/उपमेयरका उम्मेदवारको नाम सोमबार र मंगलबारभित्र सिफारिस गरिसक्न निर्देशन आएको उनको भनाई छ ।

प्रदेशका उपसभापति कल्पना तिवारी, महामन्त्रि किरण वावु श्रेष्ठले अर्का महामन्त्रि विष्णु लामिछानेले पार्टीका नेता र कार्यकर्तासहित जनताका घरघरमा गएकाले अभियान सफल भएको वताए ।प्रतिनिधिहरुले चैत्र ५ देखि खटेका थिए ।

## नेपाल...

जिकिर थियो । उनले भने, ‘खेलकुदकै माध्यमबाट हाम्रो जीवन स्वस्थ बनाउन सक्छौं, खेलकुदको भविष्य धैरै राम्रो छ, खेलाडीहरुले धैरै गर्न सक्छन्, प्रदेशको, देशकै नाम राख्न सक्ने अवस्था सृर्जना भएको छ ।’ गण्डकी प्रदेश सरकारले खेलकुदका क्षेत्रमा यथेस्ट लगानी गरिरहेको उल्लेख गर्दै खेलकुदको क्षेत्रमा राम्रो बजेटको व्यवस्थापन गरेको दावी गरे ।

प्रदेश सरकार अहिले नयाँ बजेट क्रममा रहेको भन्दै अगिल्लो आर्थिक वर्षमा कोभिडका कारण समग्र पत्रकार हरुको लागि पर्याप्त बजेट व्यवस्थापन गर्न नसकेको भन्दै उनले यसपटक पत्रकारहरुको क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु प्रदेश सरकारको तर्फबाट समेटेर जाने प्रतिवद्धता व्यक्त गरे । अध्यक्ष बराललले व्यक्त गरेका प्रतिवद्धता पुरा गर्न आफुले समेत सहयोग गर्ने मन्त्री थापाले जनाए ।

कार्यक्रममा प्रदेशका यूवा तथा खेलकुद मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले ओझेलमा परेका खेलहरुलाई खेल पत्रकारहरुले अघि ल्याउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । प्रदेशको खेलकुदको विकासको लागि प्रदेश स्तरिय प्रतियोगिता आवश्यक भएको उनले बताए ।

यस्तै गण्डकी प्रदेश खेलकुद परिषद सदस्य सचिव तेज गुरुङले परिषदसंगको सहकार्यमा गण्डकी प्रदेशमा खेलकुद क्षेत्रको विकासका लागि सहकार्य गरेर अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गरे । प्रदेश सरकार आगामी आर्थिक वर्षका लागि बजेट निर्माणको चरणमा रहेको हुनाले यसमा आवश्यक सुझाव दिनका लागि आग्रह गरे । खेलकुदको विकासको लागि न्यूनतम ३ देखि ५ प्रतिशत बजेट विनियोजन हुनु पर्ने उनको भनाई थियो ।

यस्तै मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञावलीले खेलकुद विटमा कलम चलाउने सबै पत्रकारहरुलाई समेटेर अगाडी बढ्न आग्रह गरे । साझा संस्थामा राजनीति नगर्न उनको सुझाव थियो । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपी बहादुर भट्टराईले यस क्षेत्रमा खेलकुद पूर्वाधार निर्माणमा पत्रकारको थप चासो जानुपर्ने जनाए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव तथा निर्वाचन समितिका सदस्य गोविन्द प्रसाद सुबेदी, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिना, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका निवर्तमान अध्यक्ष एकराज गिरी, पूर्व अध्यक्ष केशव पाठक, नेपाल लोकतान्त्रिक खेलकुद महासंघका केन्द्रिय अध्यक्ष योगेन्द्र शेरचन, सहारा क्लव पोखराका बरिष्ठ उपाध्यक्ष केशवराज बराल लगायतले बोलेका थिए ।

यसअघि कार्यक्रममा मञ्चको गत चैत ५ गते सम्पन्न तेश्रो साधरण सभा तथा दोश्रो साधरणसभाबाट निर्वाचित नयाँ कार्यसमितिलाई निर्वाचन कमिटीका संयोजक नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य एवम् अधिवक्ता सरिता तिमिल्सिना पंगेनीले पदस्थापन गराएकी थिइन् । अधिवेशनबाट दिननाथ बरालको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको थियो । मञ्चको उपाध्यक्षमा सुरज श्रेष्ठ, महासचिवमा राजाराम पौडेल, सचिवमा शशी कुमार पौडेल, कोषाध्यक्षमा कविता घर्तिमगर, सदस्यहरुमा दिपक मुल्मी, नारायण शाही, उमेश पुन, राजु गिरी र एमबी आस्था मगर (मानबहादुर) निर्वाचित भएका थिए ।

अध्यक्ष बराललले पोखरा स्पोर्ट्स अवार्ड यसै बर्ष गर्ने, पत्रकारको लागि अक्षयकोष स्थापना गर्ने, तालिम आयोजना गर्ने, छिट्टै नयाँ सदस्यता खुलाउने र सवैको सहकार्य र समन्वयमा अघि बढ्ने बताए । बरालको अध्यक्षतामा बसेको पहिलो बैठकले निर्वाचन कमिटि सहितको निर्वाचन सम्पन्न गराउन सहयोग गर्ने प्रति धन्यवाद ज्ञापन गर्दै निर्वमान अध्यक्ष एकराज गिरी र बरालका निकटतम प्रतिद्धोन्दी रन्जन अधिकारीलाई सल्लाहाकारमा चयन गर्ने निर्णय गरेको छ ।

## पोखरामा...

देश र जनताका लागि ज्यानको प्रवाह नगरी मेलमिलापको नीति लिएर स्वदेश फर्किएकाले नै बिपी राजनेता बन्न सफल भएको विषयलाई प्रस्तुत गर्दै वृत्तचित्रमा मुलुकको सार्वभौमिकता जोगाउन उहाँले खेलेको भूमिकाका साथै जोगिएको स्वाधीनताका विषयलाई प्रस्तुत गरिएको छ । ऐतिहासिक पात्रकै माध्यमबाट तत्कालीन समयका घटनालाई हेरेर अनुभव गर्न पाउनु पनि यसको विशिष्टता हो । वृत्तचित्रमा ऐतिहासिक घटनाक्रमलाई जीवन्त रुपमा प्रस्तुत गर्न खोजिएको गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बताउनुभयो । वृत्तचित्र आगामी पुस्ताका लागि पनि प्रेरणादायी हुने जनाउँदै उहाँले यस किसिमका कामलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिनुभयो । इतिहासको संरक्षणका लागि अन्वेषण अभियानअन्तर्गत अन्य वृत्तचित्र पनि बनाइने भएको छ । ऐतिहासिक विषयमा १२ वटा अन्य वृत्तचित्र निर्माण प्रक्रिया अघि बढाइएको फाउण्डेशनका सदस्य सचिव अतुल कोइरालाले जानकारी दिनुभयो । वृत्तचित्रमा भिडियोग्राफी र सम्पादनको काम मानबहादुर थापाले गर्नुभएको छ । यस्ता ऐतिहासिक दस्तावेजको संरक्षण गर्ने जिम्मेवारी राज्य स्वयंको भए पनि नेपालमा यो विषय राज्यको प्राथमिकतामा पर्न नसकेको उहाँको भनाइ छ । राज्यले ध्यान नदिएकै कारण कैयौं ऐतिहासिक तथ्य एवं सामग्री लोप भइसकेको वास्तविकतामा लोप नभएका तथ्य एवं सामग्रीको संरक्षणका लागि अन्वेषण अभियानले काम गर्न लागेको अन्वेषण न्यूज डटकमले जनाएको छ । फाउण्डेसनले अन्वेषण न्यूज डटकमको सहकार्यमा वृत्तचित्र निर्माणलाई अघि बढाएको हो । इतिहासजस्तो गम्भीर विषयमा श्रव्यदृश्यजस्तो खर्चालु प्रविधिमार्फत ऐतिहासिक दस्तावेजको संरक्षण गर्नु चुनौतीपूर्ण काम भएकाले अभियानले सहकार्यका लागि पनि इच्छुकसँग आह्वान गरेको छ । ‘राजद्रोही राजनेता’ तयार पारेसँगै अन्वेषण अभियानले ‘प्रजातन्त्रका लागि अपहरण’ र ‘मिसन ओखलढुङ्गा’ वृत्तचित्र तयार गरी सम्पादनको अन्तिम चरणमा रहेको जनाइएको छ । ‘राजद्रोही राजनेता’ वृत्तचित्र काठमाडौंपछि पहिलोपटक पोखरामा प्रदर्शन गरिएको जानकारी दिँदै अन्वेषण न्यूज डट कमका प्रधानसम्पादक नेपालले आगामी दिनमा यसलाई देशव्यापी देखाइने बताउनुभयो ।

# रेडियो नेपाल पोखरामा व्याडमिन्टन प्रतियोगिता सम्पन्न

निर्मला नेपाली
पोखरा, १८ चैत



रेडियो नेपालको ७२ औं बार्षिकोत्सवको अवसरमा रेडियो नेपाल प्रादेशिक प्रशारण केन्द्र पोखरामा विबिध कार्यक्रमहरु शुरु भएको छ ।

सञ्चारकै अग्रणी संस्था रेडियो नेपालको स्थापना २००७ साल चैत्र २० गते भएको हो , यसै अवसरमा शुक्रवार कर्मचारीहरु वीच डबल्स व्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा खेम सारु र गोविन्द थापाको जोडी प्रथम , हिमलाल त्रिपाठी र गोविन्द पाठकको जोडी दोश्रो भए । सारुको जोडीले त्रिपाठीको जोडीलाई २१ -१७ ,१५- २१ २१ -१८ को सेटमा पराजित गरे । प्रतिस्पर्धामा कुल ५ टीम सहभागी थिए । प्रतियोगिताको उद्घाटन रेडियो नेपाल प्रादेशिक प्रशारण केन्द्र पोखराका प्रमुख सुरेन्द्र प्रसाद यादवले गरेका थिए । सहभागी खेलाडीहरुलाई शुभकामना दिदै प्रमुख यादवले खेल स्वस्थ रहन र आपसी भाईचारा बृद्धिका लागि महत्वपुर्ण रहेको विचार व्यक्त गरे । रेडियो नेपालको बार्षिकोत्सकै सन्दर्भ पारेर मैत्रीपुर्ण भलिवल खेल, रस्साकस्सी , म्युजिकल चियर, चम्चा दौड, घैटो फुटाउने लगायतका कार्यक्रम आयोजना गरीएको छ । उद्घाटन कार्यक्रमको सञ्चालन वरीष्ठ सम्पादक शान्ति गुरुङले गरेका थिए ।

# पोखरामा १५ औं बिटी कप सुरु

पोखरापत्र संवाददाता
पोखरा, १८ चैत



पोखरामा १५ औं संस्करणको बिटी कप पाँचौ बिरेन स्मृति सेभेन ए साइड फुटबल प्रतियोगिता सुरु भएको छ ।

बुद्धटोल क्वलको आयोजनामा पोखरा महानगरपालिका १ बगर स्थित पुरानो टुडिखेलमा सशत्र प्रहरी बलका डिआईजी शम्भु सुवेदीको प्रमुख आतिथ्यतामा आज देखि फुटबल प्रतियोगिता सुरु भएको हो । प्रतियोगिताको उद्घाटन खेलमा नारायण गोपाल एजुकेशन प्रालिले जित निकालेको छ ।

आयोजक टिम निलोलाई १-० गोल अन्तरले सँघर्षपूर्ण जित निकाल्दै नारायण गोपाल एजुकेशन प्रालि दोस्रो चरणमा प्रबेश गर्यो । नारायण गोपालको जितमा सुमित श्रेष्ठले निर्णायक गोल गरे । यसैगरी दोस्रो खेलमा मानारथा चर्च ब्याईजलाई बाफापाटन क्लबलाई १-० गोलले पराजित गर्दै दोस्रो चरणमा स्थान बनायो । क्लबका अध्यक्ष विजया गुरुङका अनुसार नंयागल्ली एफसी र ट्रेजर एफसी बिच भएको अन्तिम खेल गोलरहित भएपछी ट्राईबेकरमा नंयागल्लीले २-१ गोल अन्तरले पराजित गर्यो । आगामी २६ गते सम्म सञ्चालन हुने प्रतियोगितामा कुल ६२ टिमको सहभागिता रहेको अध्यक्ष गुरुङले बताईन् । गुरुङका अनुसार प्रतियोगिताको विजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ५१ हजार १ सय ५१ रुपैया प्राप्त गर्ने बताए । उनका अनुसार उपविजेताले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ९१ हजार १ सय ११ रुपैयाँ प्राप्त गर्नेछन् । उनले सो प्रतियोगिताबाट सर्वोत्कृष्ट हुने खेलाडीलाई ट्रूफि सहित ७ हजारद्धारा पुरस्कृत गरिने जानकारी दिईन् ।

यसैगरी उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई समान ५/५ हजार रुपैयाँ र ट्रूफि प्रदान गरिने छ भने अनुशासित टिमलाई ८ हजार र ट्रूफि प्रदान गरिने छ आयोजकले जनाएको छ ।

**डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं।**

**डढेलोले,**

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- देशको आर्थिक समृद्धिमा प्रतिकुल असर पार्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# उपाशाखा १० द्वारा ६५ दिने बारिष्टा तालिम शुभारम्भ

मिना भूजेल/ निर्मला नेपाली
पोखरा, १८ चैत

नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाको आयोजना, सिटिइभिटि, पोखरा प्राविधिक शिक्षाको सहयोग र वडा समिति वडा नं १० को समन्वयमा ६५ दिने बारिष्टा तालिम एक कार्यक्रमको आयोजना गरि एकता क्लब पोखरा १० को सभाहलमा उद्घाटन गरिएको छ।



बारिष्टा तालिम उद्घाटन कार्यक्रममा प्रमुख अतिथि एवं वडा नं १० का वडा अध्यक्ष राज कुमार गुरुङले हेनरि ड्यूनाको तस्विरमा माल्यार्पण गरि कार्यक्रमको उद्घाटन गर्नुहुदै वडाको समन्वय, सिटिइभिटिको सहयोग र नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखा द्वारा आयोजना भै वडा बासी हरूको छोरा छोरीलाई यस्तो अन्तराष्ट्रिय लेबलको तालिम दिन पाउदा ज्यादा खुशी लागेको बताउनु हुदै संसारमा सबैभन्दा बढि बिक्नेमा पेट्रोल डिजेल अनि सबैले पिउने कफी हो त्यसैले कफीको परिकार बनाउने तालिम लिनुपर्छ आउनु भएका प्रशिक्षार्थीहरूलाई राम्रोसंग सिकेर उद्यमी बन्नसक्ने क्षमता बृद्धिहोस भन्ने शुभकामना दिनुभयो।

वडा नं १० भित्रका २० जना सहभागी गराई दिइने उक्त तालिम मा सिटिइभिटी पोखरा प्राविधिक शिक्षाको सहयोगमा ६५ दिने बारिष्टा तालिम मा सिटिइभिटी तालिम केन्द्रका प्रशिक्षक धिरज थापा, प्रशिक्षक प्रमेश गुरुङ र प्रशिक्षक ध्रुव पौडेलद्वारा दिइने उक्त तालिममा प्रशिक्षक प्रमेश गुरुङले तालिम को बिषयमा जानकारी गराउनुहुदै भविष्यमा सफल ब्यबसाइ बन्न यस्ता तालिमले सहज हुने कुरामा जोड दिनुभएको कार्यक्रम मा वडा सदस्य निशा मल्ल ठकुरी, वडा सदस्य दीपक बहादुर थापा, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा कास्कीका उप सभापति कृष्ण तिमल्सिना, भानुमार्ग टोल विकास सस्थाका अध्यक्ष निर्मला कार्की भण्डारी, एकता क्लबका अध्यक्ष एक बहादुर केसी र समाज सेबी अन्नपूर्ण मार्ग ए टोल विकास सस्थाका सचिव बिन प्रसाद गुरुङ लगायतका ब्यक्तीहरूले आ-आफ्नो बिचार राख्नु भएको थियो।

उक्त बारिष्टा तालिम उद्घाटन कार्यक्रममा उपशाखा १० का उपसभापति एवं कार्यक्रम संयोजक जीवन श्रेष्ठले स्वागत गर्नुभएको (३९० घन्टे) ६५ दिने बारिष्टा तालिम कार्यक्रम नेपाल रेडक्रस सोसाइटी पोखरा १० उपशाखाका सभापति सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रम उपशाखा १० का कोषाध्यक्ष किरण प्रसाद भट्टचनले संचालन गरेका थिए।

# बाख्रापालन व्यवसायबाट मनग्य आम्दानी

पोखरापत्र संवाददाता
म्याग्दी, १८ चैत

कामप्रति लगन र मनमा आँट हुने हो भने सानो लगानीबाट सुरु गरेको व्यवसायबाट मनग्गे आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण म्याग्दीका दुईजना युवा बनेका छन्।

पैसा कमाउन विदेश गएर भनेजस्तो नभएपछि गाउँमै फर्कि आएका जिल्लाको बेनी नगरपालिका-३ भकिम्लीका धनबहादुर श्रीष र बेनी-६ चुत्रेनीका कृष्ण मल्लको बाख्रापालन व्यवसाय यस क्षेत्रकै नमूना बनेको छ। साथै बाख्रा पालक किसानको अध्ययनस्थलसमेत बनेको छ। विसं २०६८ मा जग्गा धितो राखेर बैंकबाट ऋण लिई एउटा बोयर बोका खरिद गरी बाख्रा पालन सुरु गर्नुभएका भकिम्लीका श्रीषको बाख्रा फार्ममा अहिले रु एक करोड बढीका बोयर बोका र बाख्रा छन्। उहाँको फार्ममा साढे तीन लाख मूल्यपर्ने बोएर बोका छन्। दुईवटा गोठमा रहेका खैरो र सेतो रङ मिसिएका बोका, बाख्रा र पाठापाठीको बजार मूल्य अहिले रु १ करोडभन्दा बढी रहेको। श्रीष पशुपालन तथा बहुद्देश्यीय कृषि फार्मका सञ्चालक श्रीषले बताउनुभयो। उहाँका अनुसार फार्ममा सतप्रतिशत शुद्ध बोएर बाख्रा मात्रै छन्। एकदशक अगाडि खाडीबाट रित्तो हात गाउँ फर्किनुभएका श्रीष बाख्रा पालेर नै करोडपति बन्नुभएको छिमेकीले बताएका छन्। कतारको अन्तर ष्ट्रिय ढुवानी कम्पनीमा काम गर्दासमेत कमाइ गर्न नसकेपछि उहाँ गाउँ फर्किनुभएको थियो। विदेशको धनले उँभो लाग्न नसकेपछि गाउँमा फर्किएका उहाँले छिमेकी घरको आगनमा खेल्दै गरेका स्थानीय जातका बाख्राबाट व्यावसायिक बाख्रापालनको सोच बनाएको बताउनुभयो। सामान्य खोर बनाएर बाख्रापालनमा सुरू गर्नुभएका व्यवसायी श्रीषको सोच अनुसार लगानी जुट्न नसकेपछि स्थानीय जातका बाख्रामा क्रस गर्दै व्यसायलाई अगाडि बढाउनुभयो। यसरी हिम्मत नहारीकन बाख्रा पालन सुरु गरेका श्रीषले एक दशकको अवधिमा (२०६८ देखि २०७८ सम्म) बाख्रा बिक्री गरेर ऋण तिर्नुका साथै लाखौँ रुपैयाँ कमाउन सफल भएको जानकारी दिनुभयो। अहिले उहाँको बाख्रा फार्म बोएर बाख्राको स्रोतकेन्द्र बनेको छ। श्रीष अहिले बाख्रापालनबाट करोडपति बन्नुभएको छ। "गतवर्ष रु ३५ लाखको बोएर बिक्री गरेकोमा यसवर्ष करिब रु ५० लाखको बिक्री गर्ने लक्ष्य रहेको छ" उहाँले भन्नुभयो "बोएरको विशेषता नै छिटोछिटो बढ्नु र हुर्कनु हो, महँगो भए पनि हुर्काउन र कमाउन सजिलो छ।"

नेपाल व्यावसायिक बाख्रापालक महासङ्घको केन्द्रीय उपाध्यक्ष र गण्डकी प्रदेश संयोजकसमेत रहनुभएका श्रीषले बाख्रापालन गर्न इच्छुक किसान तथा व्यवसायीलाई समेत तालिमसहित आवश्यक सहयोग गर्ने गर्नुभएको छ। एक वर्षमा १०० भन्दा बढी बोएर पुऱ्याउने र आधा दशकभित्र वार्षिक करोडको आम्दानीको नजिक पुग्ने गरी कडा मेहनत गरिरहेको बताउने श्रीषको फार्ममा अहिले ५५ वटा बोयर बाख्रा छन्। नेपालका विभिन्न स्थानबाट अवलोकनका लागि सङ्घसंस्था र किसानसमेत आउने गरेका छन्। उहाँले माग अनुसार पूरा गर्न नसकेको बताउँदै बोएर पालनमा इच्छुकलाई आवश्यक प्राविधिक सहयोग दिन समेत संस्थामा आवद्ध भएको बताउनुभयो। बाख्रापालकको हकहितका लागि स्थापना भएको संस्थामासमेत आवद्ध भएपछि उहाँको व्यवसाय अहिले देशैभर फैलिएको छ। हाल श्रीषको फार्ममा डेढलाखदेखि साढे ३ लाखसम्मको ३० माउ, २ बोका र २२ पाठापाठी छन्। बोएर बाख्राका लागि श्रीषले करिब ६० रोपनी जमिनमा घाँसखेती समेत गर्नुभएको छ। श्रीषले अफ्रिकन जातको बाख्रापालनको मोडललाई प्रयोग गरिरहेको बताउनुहुन्छ। अर्का किसान बेनपा-६,चुत्रेनीका २९ वर्षीय कृष्ण मल्ल पनि बाख्रा पालेर मनग्गे आम्दानी गर्ने किसानमा पर्नुहुन्छ। पैसा कमाउने रहरले केही वर्ष विदेशमा बिताउनुभएका मल्लले विदेशको सपना त्यागेर आफ्नै गाउँठाउँमा केही गर्ने सोचमा स्थानीय जातका बाख्राबाट सुरु गरेको व्यवसायलाई बढाएर अहिले बोएर जातका बाख्रापालन गर्नुभएको छ। करिब ११ लाखबाट सुरु गरेको बाख्रापालन अहिले करिब ८० लाखभन्दा बढीका बोएर छन् भने ठूलो क्षेत्रफलमा उन्नतजातको घाँससमेत लगाएको उहाँले बताउनुभयो। वार्षिक रु १४ लाखसम्मको बिक्री गर्ने गरेको मल्लको भनाइ छ। उहाँको फार्ममा तीन लाखसम्म पर्ने बोएर बोका छन्। उहाँले छिमेकी र बाँझो जमिन भाडामा लिएर घाँस समेत विस्तार गर्नुभएको छ। पछिल्लो समय बोएर जातको बाख्रापालनमा युवाको आर्कषण देखिएको छ। उता बेनपा - ६ का वडाध्यक्ष कृष्णसिङ बानियाँले कृषि र पशुपालनमा पकेट क्षेत्रको रुपमा अगाडि बढेकाले आवश्यकता अनुसार सहयोग गर्ने गरिएको बताउनुभयो। जिल्लामा पछिल्लो समय व्यावसायिक कृषि र पशुपालनको लहर चलेको छ। स्थानीय तहको तथ्याङ्क अनुसार जिल्लाभरी करिब २०० भन्दा बढी युवाले व्यावसायिक तरकारी खेती र पशुपालन गरिरहेका छन्।

# प्रधानमन्त्रीको अवलोकनपछि पुल:निर्माणले गति लियो

पोखरापत्र संवाददाता
तनहुँ, १८ चैत

व्यास नगरपालिका-३ देउराली नगर र ऋषिङ गाउँपालिका-१ झापुटार जोड्ने मादी-सेती नदीमा पक्की पुल निर्माण गर्न थालिएको छ।

विसं २०७७ कात्तिक महिनादेखि निर्माण थालिएको उक्त पुल कछुवाको गतिमा निर्माण भइरहेकामा प्रधानमन्त्री शेरबहादुर देउवाले अवलोकन गर्नुभएपछि कामलाई तीव्रता दिन थालिएको हो।

गत चैत १० गते आठौं तनहुँ महोत्सव उद्घाटन गर्न आउनुभएका प्रधानमन्त्री देउवाले तनहुँ जलविद्युत् आयोजना र निर्माणाधिन उक्त पुल अवलोकन गर्नुभएको थियो।

शिलान्यास गरिएको एक वर्ष बित्दा पनि कामले गति लिन नसकेकामा प्रधानमन्त्रीको अवलोकन पछि निर्माण कार्यलाई तीव्रता दिइएको पुलःनिर्माण व्यवस्थापन समितिका अध्यक्ष बाबुराम बगालेले जानकारी दिनुभयो। गण्डकी प्रदेश सरकारको रु ३२ करोड ४० लाख सहयोगमा १५५ मिटर लमो र १० मिटर चौडा उक्त पुलको निर्माण अघि बढाइएको हो। पुलको एकातिरको बीस वटा फाइलको काम सम्पन्न गरेर सेन्टर प्वाइन्टको फाइलको काम सुरु गरिएको रसुवा एलिट जेभी कन्ट्रक्सनका प्रतिनिधि जीवन पौडेलले बताउनुभयो। उक्त पुल निर्माण भएपछि झोलुङ्गे पुलबाट मोटरसाइकल गुडाउनुपर्ने बाध्यता अन्त्य हुनेछ। त्यसैगरी दमौलीबाट ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिका जान लामो दूरी परेकामा पुल निर्माणपछि जिल्लाको दक्षिण भेगसम्म छोटो दूरीमै यात्रा गर्न सकिनेछ। पुल निर्माण भएपछि नवलपरासीको कावासोती र कालीगण्डकी करिडोरसँग जोडिने हुँदा हजारौँ मानिस लाभान्वित हुने विश्वास गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ सम्म उक्त पुलको निर्माणकार्य सम्पन्न गर्नेगरी सम्झौता भएको निर्माण कम्पनीका प्रतिनिधि पौडेलले जानकारी दिनुभयो।

# मौवाफाँटमा खेलमैदान निर्माण सुरु

पोखरापत्र संवाददाता
बेनी, १८ चैत

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ मौवाफाँटमा समाजसेवा युवा क्लबको खेलमैदान निर्माण सुरु भएको छ। गण्डकी प्रदेशको युवा तथा खेलकूद मन्त्रालयबाट विनियोजन भएको रु २० लाख बजेटबाट खेलमैदान निर्माण सुरु गरिएको हो।

गाउँपालिकाको केन्द्रमा व्यवस्थित खेलमैदान नभएको अवस्थामा मन्त्रालयबाट बजेट प्राप्त भएपछि खेलमैदान निर्माणकार्य सुरु गरिएको क्लब अध्यक्ष बुद्धिबहादुर खत्रीले बताउनुभयो। उहाँका अनुसार खेलमैदानको लागि उपयुक्त जग्गा व्यवस्थापनमा कठिनाइ भएपछि गाउँहुँदै वर्षात्मा पानी बग्ने द्धवारेखोलालाई जमिनमुनिबाट बगाएर मैदान बनाउने काम सुरु गरिएको छ। खोलाको दायाँबायाँका जग्गाधनीले करिब रु ५० लाख बढी मूल्यपर्ने जग्गा निःशुल्क उपलब्ध गराएपछि खोलालाई जमिनमुनिबाट बग्ने प्रबन्ध मिलाएर खेलमैदान बनाउन सुरु गरिएको उहाँले जानकारी दिनुभयो।

पहिलो चरणमा मन्त्रालयबाट प्राप्त बजेटबाट खेलमैदानको लागि जग्गा सम्माउने काम सुरु गरिएको छ। लगत्तै खोला हुँदै बग्ने पानीलाई पक्की नाली बनाएर मैदानको मुनिहुँदै बग्ने पूर्वाधार निर्माण सुरु गरिने क्लबका सचिव थम बुद्धुजाले जानकारी दिनुभयो।

३० मिटर लाम्बाइ र २३ मिटर चौडाइको खेलमैदानमा प्याराफिटसमेत निर्माण गरिने क्लबले जनाएको छ। खेलमैदान निर्माणका लागि द्धवारेखालाको दायाँबायाँका जग्गाधनी यामकुमारी गर्बुजा, सरस्वती पौडेल, नवराज सुवेदी, मेषबहादुर खत्री, गोविन्दबहादुर खत्री, कृष्णलाल शर्मा र मधु सुवेदी लगायतले जग्गा उपलब्ध गराएको क्लबले जनाएको छ।

"खोलालाई पक्की संरचना बनाएर अण्डरग्राउण्ड गर्ने र माथि मैदान बनाउने काम निकै खर्चिलो छ, मन्त्रालयबाट आएको बजेटबाट मात्रै यो सम्भव छैन, हामीले देशविदेशमा रहेका सहयोगदातामार्फत सहयोग जुटाएर खेलमैदानलाई सम्पन्न गर्ने योजना बनाएका छौँ"उहाँले भन्नुभयो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : मन चञ्चल | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शत्रुको भय | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९८१/03/२९ गते

स्वर्गारोहणः
वि.स. २०७८/१२/07 गते

### स्वः रुद्र बहादुर कार्की

यस मन्दिर सेवा समितिका सम्मानित सदस्य, निवर्तमान अध्यक्ष तथा वरिष्ठ समाजसेवी श्री टिका बहादुर कार्की ज्यू र कार्यसमितिका सदस्य श्रीमती रमा कार्की ज्यूको पूजनीय बुबा तथा ससुरा वा पूर्व प्रधानपञ्च एवं वरिष्ठ राजनयिक सहित सामाजिक व्यक्तित्व हामी सबैले मुखिया बा भनेर सम्मान गर्ने र चिनिने साथै हामी सबैका साझा अभिभावक **रुद्र बहादुर कार्की**को ९८ वर्षको उमेरमा ब्रह्मलिन हुनु भएकोमा हामी अतिनै दुखित छौं। उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै यस दुखद घडीमा उहाँका सोकसन्तप्त परिवारजन, आफन्त बन्धुबान्धव सबैमा धैर्यधारण गर्न सक्ने शक्ति श्री भद्रकाली माताले प्रदान गरुन् भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं। कालीमाताले हामी सबैको कल्याण गरुन्।

**योगेन्द्रमान श्रेष्ठ**
**अध्यक्ष एवं**
**श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समिति परिवार**
**कुँडहर, पोखरा-१२/१३**

# बेनी–जोमसोम सडकमा 'टाइमकार्ड' हट्यो

पोखरापत्र संवाददाता
म्याग्दी, १८ चैत

जिल्लाको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकमा लागू गरिएको यातायात सञ्चालनको समय तालिका (टाइमकार्ड) हटाइएको छ।

बेनीदेखि मुस्ताङको लेतेसम्म विभिन्न ठाउँमा गत माघ १० गतेदेखि दैनिक छ घण्टा सवारी साधन आवतजावत रोकेर सडक स्तरोन्नतिको काम गरिँदै आएको थियो।

बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले चैते दसैँसम्मका लागि सडकमा यातायात बन्द नगरिने जानकारी दिनुभयो। "मुस्ताङमा तीर्थयात्री र पर्यटकको चाप बढेपछि स्थानीय प्रशासनको अनुरोधमा चैते दसैँसम्मका लागि समय तालिका हटाएका छौँ", उहाँले भन्नुभयो, "सवारी आवतजावत प्रभावित नहुनेगरी सडक निर्माणलाई निरन्तरता दिने व्यवस्था मिलाएका छौँ।" म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ महभिर, वडा नं २ नौनीबगर र मुस्ताङको सिमाना काभ्रेभिर खण्डमा बिहान ८ देखि ११ बजे र दिउँसो १ देखि ४ बजेसम्म सडकमा यातायात आवतजावत बन्द गरेर बिस्तार र निर्माणको काम गर्न समय तालिका बनाइएको थियो। यस वर्षको चैतेदसैं पर्व चैत २६ गते परेको छ। चैते दसैंको समयमा मुस्ताङको कागबेनीमा दिवङ्गत आफन्तको स्मृतिमा पिण्डदान गर्ने चलन छ। भ्रमणको याम भएकाले स्वदेश तथा विदेशबाट मुस्ताङ घुम्न आएका पर्यटकको चाप पनि बढेको छ। मुस्ताङमा केही दिनयता दैनिक तीन हजार जनाको हाराहारीमा तीर्थयात्री र पर्यटक भित्रिएका छन्।

विसं २०७४ मा सुरु भएको चीनको स्वशासित क्षेत्र कोरला नाका जोड्ने २०० किलोमिटर दुरीको बेनी-जोमसोम-कोरला सडक आयोजनाको १२ खण्डमा निर्माण भइरहेको छ। हालसम्म मुस्ताङका छ खण्डमा निर्माण सकिएको आयोजनाको भौतिक प्रगति करिब ७० प्रतिशत छ।

# म्याग्दीमा विकास खर्च न्यून

पोखरापत्र संवाददाता
बेनी, १८ चैत

चालु आर्थिक वर्षको पहिलो साढे आठ महिनामा म्याग्दीमा विकासतर्फको बजेट खर्च निराशाजनक छ।

जिल्लामा रहेका विकास योजनामा सङ्घ र प्रदेश सरकारबाट प्राप्त बजेटमध्ये पुँजीगत खर्च न्यून देखिएको हो। कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दीका अनुसार जिल्लामा चालु आर्थिक वर्षको चैत १५ गतेसम्म भएको पुँजीगत खर्चमध्ये सङ्घतर्फ १२ दशमलव ६७ प्रतिशत र प्रदेशतर्फ २८ दशमलव २३ प्रतिशत खर्च भएको छ। सो अवधिमा सङ्घतर्फ कुल रु ५३ करोड १६ लाख ९२ हजार बजेटमध्ये रु ६ करोड ७३ लाख ७० हजार (१२ दशमलव ६७) प्रतिशत खर्च भएको छ। विकासमा प्रदेशतर्फ रहेको कुल रु ६२ करोड ६८ लाख ५० हजार बजेटमध्ये रु १७ करोड ७० लाख ६ हजार २७५ बजेट (२८ दशमलव २३) प्रतिशत खर्च भएको कोष नियन्त्रक युक्तप्रसाद शर्माले जानकारी दिनुभयो। सङ्घतर्फ रहेका कुल बजेटमध्ये करिब रु ५० करोड बजेट सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना र अन्य योजनामा खर्च भइरहेको तथा त्यसको भुक्तानी नहुँदा खर्च न्यून देखिएको जनाइएको छ। आर्थिक वर्षको आठ महिनामा सङ्घ तथा प्रदेशको ४० प्रतिशत विकास बजेट खर्च हुनुपर्ने मान्यता रहेको छ।

# देउरालीमा सहिद उद्यान

पोखरापत्र संवाददाता
बागलुङ, १८ चैत

जनयुद्धमा बलिदान दिने सहिदको सम्मानमा काठेखोला गाउँपालिका-१ पाला, देउरालीडाँडामा सहिद उद्यान बनिरहेको छ। वडाको लगानीमा उद्यान निर्माणले गति लिएको हो। हालसम्म झण्डै रु १५ लाख उद्यानमा खर्च भइसकेको वडाध्यक्ष खड्कबहादुर थापाले जानकारी दिनुभयो।

आव २०७४/२०७५ देखि उद्यानका लागि वर्षेनी बजेट छुट्टिँदै आएको छ। एकैचोटी धेरै लगानी जुटाउन नसकेपछि उद्यान निर्माणले समय लिएको वडाध्यक्ष थापाको भनाइ छ। चालू आवमा रु दुई लाख मात्र बजेट उद्यानलाई परेको छ। स्रोत जुटाएर जतिसक्दो छिटो उद्यानको योजनालाई पूर्णता दिइने वडाध्यक्ष थापाले बताउनुभयो। "उद्यानका सबै संरचना बनाउँदा समय अझै लाग्ने देखिएको छ", उहाँले भन्नुभयो, "ठाउँ पनि अपुग हुने भएपछि थप चार रोपनी जग्गा व्यवस्थापनका लागि पहल गरिरहेका छौँ।" अहिले दुई रोपनी क्षेत्रफलमा उद्यान निर्माण भइरहेको हो। पक्की घेराबार, प्रवेशद्वार, विश्रामस्थललगायतका संरचना बनिसकेका छन्। उद्यानको बीचमा रहेको ठूलो स्वामीको रुखलाई मौलिक ढङ्गले संरक्षण गरिएको छ। उद्यान निर्माण समितिका अध्यक्ष मीनबहादुर थापाका अनुसार जनयुद्धका बेला शहादत प्राप्त गर्ने पालाका छ सहिदको सालिक राख्ने योजना छ। सभाकक्ष, अभिलेखालय, बगैँचा, चमेनागृहलगायतका संरचना बनाउन बाँकी छ। देउराली डाँडालाई पर्यटकीय उद्यानका रुपमा विकास गर्ने उद्देश्य लिइएको अध्यक्ष मीनबहादुरले बताउनुभयो।

सो डाँडामा स्थानीयवासीको धार्मिक/सांस्कृतिक आस्थासमेत जोडिएको छ। वर्षेनी बाली पूजा हुँदा देउरालीमा फूलधजा नचढाइ पूजा चलाउन नहुने मान्यता छ। देउरालीमा चढ्नका कलात्मक रुपसमेत देख्न सकिन्छ। आगामी आवमा प्रदेश र सङ्घ सरकारबाट पनि उद्यानका लागि बजेट ल्याउन पहल गर्ने वडाले जनाएको छ। "पर्यटकीय र सांस्कृतिक महत्व झल्काउने गरी उद्यान बनाउने योजनामा छौं, सदरमुकाम नजिकै रहेकाले बाहिरी आगन्तुकका लागि पनि यो एउटा गन्तव्यस्थल बन्ने हाम्रो विश्वास छ", वडाध्यक्षले भन्नुभयो।

# निर्वाचनमा महिला नेतृत्वका लागि एकताबद्ध

पोखरापत्र संवाददाता
बागलुङ, १८ चैत

आगामी स्थानीय तहको निर्वाचनमा महिला नेतृत्वको सावित गर्नका लागि बागलुङका महिला नेतृ एकजुट भएका छन्। अन्तरपार्टी महिला सञ्जालको समन्वयमा बागलुङका जुनसुकै पार्टीले महिला उम्मेदवारलाई अगाडि बढाउन अग्रसरता र सबै पार्टीका महिला नेतृलाई एकजुट बनाएको छ।

बागलुङका विभिन्न राजनीतिक दलमा आबद्ध महिलाले संविधानमा भएको व्यवस्थानुसार मुख्य पदमा फरक लिङ्ग अनिवार्य गर्नका लागि आफ्नै पार्टीमा दबाब सिर्जना गर्न एकजुट भएर आवाज उठाएका छन्। उनीहरुले आफूहरु जुनजुन पार्टीमा भए पनि बागलुङका १० स्थानीय तहका प्रमुखसहित ८५ वटै वडामा महिला नेतृत्व स्थापित गर्नका लागि एकताबद्ध भएर दबाब दिने अन्तरपार्टी महिला सञ्जालकी अध्यक्ष कुशुम बुढाले जानकारी दिनुभयो।

"अहिले नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र)लगायतका दलमा रहेका महिलाले एकजुट भएर उम्मेदवारमा महिला अगाडि बढ्न दबाब दिइरहेका छौँ", बुढाले भन्नुभयो, "विसं २०७४ को निर्वाचनमा गठबन्धनका नाममा संविधानमा भएको व्यवस्थासमेत कार्यान्वयन नभएर महिला अन्यायमा परेको देखियो।" पालिका प्रमुख तथा अध्यक्षमा अथवा उपप्रमुख तथा उपाध्यक्षमा एक जना महिला अनिवार्य संविधानले गरेको भए पनि गठबन्धनका नाममा महिलालाई स्थान नदिइएको र त्यसैले सबै पार्टीका महिला मिलेर दबाब सिर्जनासमेत गरिरहेको उहाँको भनाइ छ।

बुढाले अन्तरपार्टी महिला सञ्जालले महिला नेतृत्वका लागि सबै दललाई दबाब दिइरहेको बताउनुभयो। बागलुङमा बाम वा लोकतान्त्रिक जुन गठबन्धन भए पनि प्रमुख र उपप्रमुखमा फरक लिङ्ग अनिवार्य गर्नुपर्ने अन्तरपार्टी महिला सञ्जालकी सल्लाहकार सकुन्तला शर्माले जानकारी दिनुभयो। आफूहरु अन्तरपार्टी महिला सञ्जालका माध्यमबाट साझा धारण बनाउँदै अगाडि बढेको भन्दै उनीहरुले आगामी निर्वाचनमा जबरजस्तरुपमा महिला नेतृत्व स्थापित गरेरै छाड्ने नेकपा (एमाले) प्रदेश सचिवालय सदस्य ममतादेवी शर्माले बताउनुभयो।

पुरुषको तुलनामा महिला मतदाता धेरै रहेको भए पनि सधैँ पुरुष उम्मेदवारका लागि मत माग्ने र मत राख्ने काममा मात्र महिला परिचालन भन्दै अब मनस्थिति बदलेर परिस्थितिको सामना गर्न आफूहरु तयार रहेको महिला नेतृहरुको भनाइ छ।

# 'जनताको कामलाई प्राथमिकता दिऔँ'

पोखरापत्र संवाददाता
तनहुँ, १८ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले जनताको कामलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) आँबुखैरेनी तनहुँले आज आयोजना गरेको पालिकास्तरीय भेला तथा प्रशिक्षण कार्यक्रममा उहाँले अहिले जनताको काम गर्ने समय भएको उल्लेख गर्दै जनताले मूल्याङ्कन गरी निर्वाचनमा उम्मेदवारलाई मत दिन सक्ने बताउनुभयो। हाम्रोभन्दा पनि विकासप्रेमी र राम्रा नेता अहिलेका जनताले चाहेको बताउँदै मन्त्री श्रेष्ठले जनताको मन जित्ने गरी काम गर्न कार्यकर्तालाई आग्रह गर्नुभयो। कसलाई मत दिएर जिताउने भन्ने महत्वपूर्ण अभिभारा जनता नै रहेको उहाँले बताउनुभयो। आगामी वैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनमा परिणाम आउने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो। गठबन्धनको तालमेल बाँकी नै रहेकोले कुन पार्टीसँग गठबन्धन हुन्छ त्यसपछि मात्रै चुनावी माहोलले मोड लिने उहाँको भनाइ थियो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९८१/०३/२९ गते

स्वर्गारोहणः
वि.स. २०७८/१२/०७ गते

स्वः रुद्र बहादुर कार्की

यस समूहका सल्लाहकार रमादेवी कार्की र सदस्य सम्झना कार्कीको ससुराबाबा **रुद्र बहादुर कार्की** को ९८ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
नागेश्वर भजन कृतन समुह परिवार

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
सत्य सेवा आमा समुह परिवार

पोखरा महानगरपालिका-१३ बाँझापाटन



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९८१/०३/२९ गते

स्वर्गारोहणः
वि.स. २०७८/१२/०७ गते

स्वः रुद्र बहादुर कार्की

पोखरा महानगरपालिका वार्ड नं. १३ बाँझापाटन मिलन मार्ग टोल विकास संस्थाका समाजसेवी सूर्य बहादुर कार्की साथै बाँझापाटन मिलन मार्ग महिला समुकी अध्यक्ष सम्झना कार्कीका बाबा/ससुरा बाबा/सुभेच्छुक रमेश बहादुर, टिका बहादुर कार्की, बुहारीहरु दुर्गा, रमा, सुमित्रा, जुनु, मिठु कार्कीका बुवा, ससुरा बुवा छोरीहरु दमन्ति, मिठु, सिता, आन्नन्द, ससी, टका गंगाका पुजनीय बुवा ससुरा बुवा **रुद्र बहादुर कार्की** को ९८ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणबाट हामी सम्पूर्ण टोलवासीहरु अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि बैकुण्ठवासको कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं।

विष्णु गुरुङ
उपाध्यक्ष तथा
बाँझापाटन मिलन मार्ग महिला समूह-१३

रामराज सिग्देल
अध्यक्ष तथा
बाँझापाटन मिलन मार्ग टोल विकास समिति-१३



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९८१/०३/२९ गते

स्वर्गारोहणः
वि.स. २०७८/१२/०७ गते

स्वः रुद्र बहादुर कार्की

पोखरा १२ चापापानी निवासी शिव कुमारी कार्कीका पति, श्री जनकल्याण समिति पोखरा १३ का पूर्व सचिव सूर्य बहादुर कार्की (मन) आजिवन सदस्य रमा र सम्झना कार्की हाम्रो समितिमा अभिभावकीय भूमिका खेल्नु हुने सामाजिक क्षेत्रका सुपरिचित व्यक्तित्व टिका बहादुर र रमेश बहादुर कार्कीका माया, ममता र स्नेहका खानी हाम्रो समितिको पहिलो प्रमुख अतिथि तत्कालिन पोखरा नगर पञ्चायतका प्रधानपन्च कास्की जिल्लाकै राजनैतिक आकासका ध्रुवतारा प्रातः स्मरणीय बुवा **रुद्र बहादुर कार्की** को ९८ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भनि सिद्धकालिका मातासँग प्रार्थना गर्दै उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं।

गोविन्द प्रसाद आचार्य
महासचिव

एवम्

देवराज बराल
अध्यक्ष

श्री जनकल्याण समिति परिवार
पोखरा महानगरपालिका-१३, बाँझापाटन



उन्नत जातको बंगुरको पाठा चाहिएमा हामीलाई सम्झनुहोला।

सम्पर्कः
९८०६६३०११४
९८१९१९९३८१